नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९

चलानी नं.:- ५९५

मितिः- २०७९/०२/१८

श्री स्थानीय तह (सबै) ।

विषयः- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपाचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयनमा थप प्रष्टिकरण सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ७१२(Pcs) मिति २०७९/०२/१७ को मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपाचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयन सम्बन्धी प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही अनुसार कार्यविधि कार्यान्वयनको व्यवस्था हुन आदेशानुसार अनुरोध छ।।

..............................

नमराज वाग्ले

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-E-mail मार्फत जानकारी गराइदिनु हुन।

[illegible]

# नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### स्वास्थ्य समन्वय महाशाखा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

पत्र संख्या - ः २०७८।७९
च.नं ७१२ (PCS)

रामशाहपथ
काठमाडौं,नेपाल
मितिः २०७९/०२/१७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

**विषय : मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७८/१२/१३ को निर्णय अनुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" स्वीकृत भई कार्यान्वयन भईरहेको अवगत नै छ। सो कार्यविधि कार्यान्वयनको लागि थप प्रष्टिकरण आवश्यक रहेको हुँदा तपशिल बमोजिम हुने गरि कार्यान्वयन गर्न गराउन सम्पूर्ण स्थानीय तहहरुमा समन्वय गरिदिनुहुन अनुरोध छ।

तपशिल

१) लक्षित समुहमा परेका गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाहक तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको हकमा विपन्न व्यक्ति वा विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५ दोस्रो संशोधन), २०७७(बमोजिम सिफारिस समिति मार्फत विपन्न व्यक्ति पहिचान गरी समितिको बैठकबाट निर्णय गरेर तत्काललाई स्थानीय तहको बजेटबाट व्यवस्था गरी कार्यविधिको अनुसूची- ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा यस मन्त्रालयबाट अर्धवार्षिक- रुपमा शोधभर्ना स्वरूप भुक्तानी हुने।

२) सम्बन्धित सथानीय तहसँग बजेट उपलब्ध नभएको अवस्थामा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-३अनुसारको ढाँचामा विपन्न नागरिकको सूची तयार गरी यस मन्त्रालयको इमेल (ppmd@mohp.gov.np) मा आवश्यक बजेट माग गर्ने।

भीमप्रसाद सापकोटा
वरिष्ठ जनस्वास्थ्य प्रशासक

बोधार्थ
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातै प्रदेश।
श्री स्वास्थ्य मन्त्रालय, प्रदेश नं. १ र बागमती प्रदेश।
श्री सामाजिक विकास मन्त्रालय, मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश।
श्री स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, लुम्बिनी प्रदेश।